

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २९ गते मंगलबार ❑ 15 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कास्कीमा मंसिर १ सम्ममा मतदान केन्द्रमा सामग्री पुग्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ कार्तिक**

मंसिर ४ गते हुन गइरहेको प्रतिनिधि र प्रदेशसभा निर्वाचनको कास्कीमा सम्पूर्ण तयारी पूरा भएको छ ।

प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसार निर्वाचन सामग्री र कर्मचारी व्यवस्थापनको सम्पूर्ण तयारी पूरा छ । प्रदेश निर्वाचन कार्यालयका प्रमुख हुमबहादुर पराजुलीले चुनावका लागि आवश्यक सामग्री व्यवस्थापन र कर्मचारी व्यवस्थापनको काम पूरा भएको कात्तिक ३० गतेदेखि मतदान अधिकृतलाई सामग्री बुझाएपछि मङ्सिर १ गते साँझसम्ममा सम्पूर्ण मतदानस्थलमा सामग्री पुगिसक्ने बताउनुभयो ।

उहाँले निर्वाचनका लागि आवश्यक ७० थरिका सामग्रीलाई मतदान केन्द्रमा पठाउनका लागि प्याकिङ गरेर तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो ।

त्यसैगरी कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा खटिने सम्पूर्ण मतदान अधिकृत, सहायक अधिकृतलाई मतदान पूर्व र मतदानपश्चात् गर्नुपर्ने सम्पूर्ण प्रक्रियाका बारेमा अभिमुखीकरणसहितको तालिम सम्पन्न भएको छ । कास्कीमा कूल दुई लाख ९१ हजार पाँचसय ६८ मतदाता रहेका छन् । गत स्थानीय निर्वाचनमा भन्दा अहिले १० हजार मतदाता बढेका छन् । तीन निर्वाचन क्षेत्र रहेको यस जिल्लामा एक सय ५० मतदानस्थल र तीन सय ४४ मतदान केन्द्र रहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । उहाँले कास्कीमा करिब १० हजारको हाराहारीमा कर्मचारी र सुरक्षाकर्मी स्वयंसेवक परिचालन हुनेछ । एक मतदान केन्द्रमा २० देखि २५ जना जनशक्ति खटिने छन् । विगतको अवस्थालाई हेरेर मत बदर नहोस् भनी मतदाता शिक्षालाई विशेष जोड दिइएको न्यौपानेले बताउनुभयो ।

त्यसैगरी आचारसंहिता उल्लङ्घन, विभिन्न कर्मचारी, जनप्रतिनिधिका विरुद्ध परेका उजुरीका सन्दर्भमा पनि निर्वाचन कार्यालयले प्रक्रियागत रुपबाट कारबाही अगाडि बढाएको उहाँको भनाइ छ । यसैगरी चुनावलाई स्वच्छ निष्पक्ष र भयरहित तरिकाबाट सम्पन्न गर्न आवश्यक सम्पूर्ण गृहकार्य पूरा भएको कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मतदान केन्द्र र भौगोलिक र अन्य अवस्थाको विश्लेषण गरेर अतिसंवेदनशील, संवेदनशील र सामान्य गरेर वर्गीकरण गरेका छौँ । यही आधारमासुरक्षाकर्मीकोपरिचालन हुनेछ ।" उहाँले निर्वाचनलाई भयरहित र स्वतन्त्ररुपमा आफ्नो मताधिकारको प्रयोग गर्न आमनागरिकलाई आग्रहसमेत गर्नुभयो । उहाँका अनुसार नेपाल प्रहरी, नेपाली सेना, म्यादी प्रहरी गरेर तीन हजार सुरक्षाकर्मी मतदानस्थलमा खटिनेछन् । उहाँले मतदानपछि मतगणना र मतपरिणामसम्मको अवस्थालाई दृष्टिगत गरी सुरक्षाको प्रबन्ध मिलाइएको जानकारी दिनुभयो ।

## आर्थिक समृद्धिको नयाँ यात्रा सुरु गर्ने लक्ष्यमा छौँ : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
**दमौली, २८ कार्तिक**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आर्थिक समृद्धिको नयाँ यात्रा सुरु गर्ने लक्ष्यमा वर्तमान गठबन्धन रहेको बताउनुभएको छ ।

तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा सोमबार आयोजित सत्तागठबन्धनको कोणसभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले नेपाललाई नयाँ युगमा लैजाने सङ्कल्पसहित गठबन्धन निर्माण भएको बताउनुभयो । "यसपटकको निर्वाचन सामान्य हुनेछैन, यो निर्वाचन नेपालको इतिहासमा विशेष महत्व राख्ने निर्वाचनको रूपमा सम्पन्न हुँदैछ", उहाँले भन्नुभयो । संविधानसभाबाट संविधान बनेपछि र त्यो संविधानअनुसारको सरकार बनेपछिअब स्थायित्व र विकासको यात्रातिर नेपाल लाग्नेछ भन्ने सोचे पनि घटनाक्रम त्यसरी विकसित नभएको अध्यक्ष दाहालको भनाइ थियो ।

"घटनाक्रमको विकास लामो सङ्घर्षबाट उपलब्धि प्रहार गर्नेतिर भयो, जसलाई प्रधानमन्त्रीकारूपमा अगाडि सार्‍यौं, उहाँले नै संविधानमाथि प्रहार गर्ने काम गर्नुभयो", अध्यक्ष दाहालले भन्नुभयो । तीन वर्ष पुग्दा नपुग्दा प्रतिगमनको विरुद्ध, संविधानको रक्षा, जनताको अधिकार रक्षाका निम्ति सडकमा जानुपर्ने अवस्था आइलागेको भन्दै अध्यक्ष उहाँले जनताको प्रयासकै कारण गठबन्धन स्थापना भएको बताउनुभयो । उहाँले नेकपा (एमाले) लाई नैतिक दृष्टिकोणले भोट माग्ने अधिकार नभएको बताउनुभयो । "संसद् विघटन गर्ने, पार्टी विभाजन गर्ने र अधिकार खोस्नेलाई के भनेर भोट दिने, संविधान च्यात्नका लागि मत चाहियो ?भनेर प्रश्न गर्नुपर्ने बेला आएको छ", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको अग्रसरतामा गठबन्धन निर्माण भएको भन्दै उहाँ देशको कार्यकारी भूमिकामा पुग्न सक्ने व्यक्ति भएको उल्लेख गर्नुभयो । "पौडेललाई धेरै मत दिएर जिताउनुस् त्यो सम्भावना बढ्यो, बढ्यो, बढ्यो", अध्यक्ष दाहालले भन्नुभयो ।

## बुद्ध एयरले पोखरादेखि भारतका तीन गन्तव्यमा उडान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ कार्तिक**

निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी बुद्ध एयरले पोखरास्थित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतका तीन गन्तव्यमा उडान सुरु गर्ने भएको छ ।

बुद्ध एयरका अनुसार पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतका बनारस, दिल्ली र देहरादुनमा उडान गर्न लागिएको हो । "नागरिक उड्डयन प्राधिकरणले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२३ को जनवरीदेखि सञ्चालनमा आउने जानकारी दिएको छ", कम्पनीले भनेको छ, "त्यहाँबाट हुने पहिलो उडानका रुपमा बुद्ध एयरले पोखरा-बनारस-पोखरा उडान गर्नेछ ।" पोखरा-बनारस-पोखराको उडान सातामा तीन दिन आइतबार, मङ्गलबार र बिहीबार हुने कम्पनीको भनाइ छ । एयर ट्राफिक रुटका लागि नेपाल सरकारले भारत सरकारसमक्ष पहल गरिरहेको भन्दै भारत सरकारबाट रुट र स्लट प्राप्त भएपछि पोखरा-दिल्ली-पोखरा रुटमा दैनिक दुई उडान गरिने कम्पनीको भनाइ छ । कम्पनीले पोखरा-देहरादुन-पोखरा रुटमा सातामा तीन वडा उडान गर्ने जानकारी दिएको छ। हाल बुद्ध एयरले काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतको बनारसमा उडान गर्दै आएको छ।

## नक्कली सुन धितो राखी बैंकबाट २४ लाख कर्जा लिने व्यक्ति पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ कार्तिक**

नक्कली सुन धितो राखी कर्जा लिई ठगी गर्ने एक जनालाई जिल्ला प्रहरी कास्कीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ।

विभिन्न मितिमा नक्कली सुनका गरगहना बैंकमा धितो राखेर ठग्दै आएका पर्वत कुश्मा नगरपालिका-३ स्थायी घर भई हाल पोखरा महानगरपालिका-१८ सराङकोट बस्ने २५ वर्षीय अभिषेक सुनारलाई पक्राउ गरिएको कास्की प्रहरीका प्रवक्ता सुन्दर तिवारीले जानकारी दिनुभयो।

तिवारीका अनुसार सुनारले धितोमा राखेर कर्जा लिएको र लामो समयसम्म कर्जाको ब्याज तथा साँवा बुझाउन नआएका कारण शङ्का लागि जाँच गर्दा कमसल सुन प्रयोग गरी तयार गरिएको गरगहना रहेको खुलासा भएको थियो । अनुसन्धानका क्रममा निजले धितोमा राखेका गरगहना नेपाल सुनचाँदी व्यवसायी संघ कास्कीमा जाँचका लागि पठाइएको र कमसल सुन प्रयोग गरी बनाइएको गहना भन्ने पुष्टि भएपछि प्रहरीले सुनारलाई पक्राउ गरेको हो । सुनारले पोखरा-१७ बिरौटास्थित रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र पोखरा-८ पृथ्वीचोकको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडबाट रु २४ लाख पाँच हजार कर्जा लिएका थिए।

सुनारलाई कास्की जिल्ला अदालतबाट ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसुरमा दिन पाँच म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रवक्ता तिवारीले जानकारी दिनुभयो।

## देशलाई समृद्ध बनाउने शक्ति एमालेसँग मात्र छ : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २८ कार्तिक**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देशलाई समृद्ध बनाउने शक्ति एमालेसँग मात्र भएको बताउनुभएको छ। सिन्धुलीको दुधौलीमा सोमबार एमालेको चुनावीसभालाई सम्बोधन गर्दै उहाँले सुखी नेपाली समृद्ध नेपाल बनाउने सपना सकार पार्न सूर्य चिह्नमा मतदान गर्न अपिल गर्नुभयो।

उहाँले देशलाई विकासको अभियानमा लैजान र सुखी नेपाली समृद्ध नेपाल निर्माणका लागि एमालेको सरकार आवश्यक रहेकोमा जोड दिनुभयो। "एमालेले जारी गरेको घोषणापत्र ग्यारेन्टीका साथ हामी पूरा गर्न तयार छौँ, तपाईंको एकमतले देशको विकासमा टेवा पुग्ने भएकाले सिन्धुलीबाट एमालेका उम्मेदवारलाई विजयी गरेर पठाए जिल्ला र देशको विकास हुनेछ", अध्यक्ष ओलीले भन्नुभयो।




# 'पाँच तिर फर्किएको स्वार्थको गठबन्धन होइन, एमालेको बलियो नेतृत्व चाहन्छन् जनता'

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक



नेकपा एमाले कास्की क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार मनबहादुर गुरुङले जनताले पाँच तिर फर्किएको स्वार्थको गठबन्धन होइन, एमालेको बलियो नेतृत्व चाहेको स्पष्ट पारेका छन् ।

सोमवार पोखरा ३१ बेगनासका स्थानीयको घरदैलोका क्रममा उनले जनताले स्वार्थको हैन, सिद्धान्तमा चल्ने पार्टी खोजेको भन्दै त्यो पार्टी एमाले नै भएको दावी गरे । उनले भने-'पाँच दलका स्वार्थ पाँच तिर फर्किएका छन्,त्यो कुरा हाम्रा जनताले बुझेका छन्, त्यसैले जनताले एमालेको बलियो नेतृत्व चाहेका छन् ।'

गुरुङले मंसिर ४ को चुनावपछि एमालेले प्रदेशहरु र संघमा एकल सरकार बनाउने दावी गरे । उनले भने-'हाम्रा एजेन्डा, जनताको आर्कषण र अहिलेको माहोलले हाम्रो जित भइसकेको छ ।' गण्डकी प्रदेश सभाका निवर्तमान सांसद समेत रहेका उनले अघिल्लो कार्यकालमा सुरु गरी अधुरा रहेका योजना पूरा गर्ने समेत उल्लेख गरे । मतदाताले दिएको सुझावलाई आत्मसाथ गर्दै उक्त क्षेत्रको विकास, निर्माणमा समर्पित हुने उनको प्रण छ । मुलुकको समग्र विकासका लागि स्पष्ट नीति, विचार र सिद्धान्त आवश्यक पर्नेमा जोड दिदै उनले यसको खाँका र इच्छा शक्ति एमालेसँग मात्र भएको दावी गरे ।

त्यस्तै क्षेत्र नम्बर १ (क) का प्रदेश सभाका उम्मेदवार खगराज अधिकारीले कास्की जिल्लाका सबै क्षेत्रमा एमाले उम्मेदवार विजय हुने बताउँदै अब केन्द्र र सबै प्रदेशमा एमालेको सरकार हुने बताए ।

# सुशासनको लागि भोट माग्दै बेगम

पोखरापत्र संवाददाता
पोखरा २८ कार्तिक



नेपालमा धेरै पटकको राजनीतिक परिवर्तनले महिला सहभागिता र सचेतना बढाउँदै लगे पनि संविधानले दिएको अधिकारको तुलनामा ज्यादै कम देखिन्छ ।

२०६२/६३ को जनआन्दोलन पछि समानुपातिक निर्वाचन प्रणालीले धेरै महिला राजनीतिमा सक्रिय बद्दै गएको देखिन्छ । नेपालको परिवेशमा पहिलोपटक नेपालले राष्ट्रपति, सभामुख र प्रधानन्यायाधिशको रुपमा महिला पाइसकेका छौ । तीन अवसरले नेपाललाइ चिनाउने अवसर भयो । नेपाल चिनाउने उद्देश्य लिएर आएकी छिन् सबिना बेगम । सविना एकीकृत शक्ति नेपालको कास्की क्षेत्र नं १ को प्रतिनिधि सभा सदस्य उम्मेदवार हुन् । पाल्पाको मोहन कान्या माविवाट एस एल सी उर्तिण गरेकी बेगम आफ्नै श्रीमान अब्बास अलिमियाँले समाजमा गरेको कार्यवाट प्रभावित भएपछि समाजमा केही गर्नु पर्दछ भनेर चुनावमा भाग लिएकी छिन् । अब्बास नेपाल मुस्लिम युवा समितिका अध्यक्ष हुन् । भ्रष्टचारी र बलात्कारीलाइ मृत्युदण्डसमको कानुनी व्यवस्थाका लागि आवश्यक पहल उम्मेदवारी दिएकी हुन् । पोखरा- १३ निवासी बेगमले पाल्पाकै त्रिभुवन बहुमुखी क्याम्पसवाट स्नातक तहमा समाजशास्त्र विषय लिएर उर्तिण गरेपछि समाजको बारे जरैवाट बुझेकी छिन् । शिक्षा, आकस्मिक एवं प्राथमिक स्वास्थ्य र न्याय निशुल्क उपलब्ध गराउन आवश्यक थालनी गर्ने बेगमको उद्देश्य छ । त्यसैगरी महिला तथा विदेशबाट फर्केएका युवाहरुलाइ उद्योग तथा कलकारखाना खोल्न सहुलियत पूँजी उपलब्ध गराउने विषयमा लागि पर्ने बेगमले भनिन् ।

युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन र रुपान्तरणका अग्रदूत भएकोले सदैव युवालाइ अहिलेको चुनावमा जिताउनु पर्नेमा बेगमले जोड दिइन् । परम्परागत विउविजन संरक्षण तथा खेती प्रणालीको प्रोत्साहन गर्दै प्रांगरिक मल उत्पादन तथा प्रयोगलाई प्राथमिकता दिदै हरेक वर्ष किसानहरुलाई सम्मान सहित पुरस्कार दिने कार्यक्रम राखेको बेगमले वताईन । ६५ पुगेका बृद्ध नागरिकहरुका लागि जीवन निर्वाह भत्ता दिने कार्यक्रम लिएर एकीकृत शक्ति नेपालवाट घरदैलो अभियानमा हिडेकी छिन् । घरदैलो कार्यक्रममा जनताले आँफैलाइ भोट राख्ने बचन धैरै बाबा आमा, दाजुभाइहरु र दिदीवहिनीहरुले दिनुभएको खुशी व्यक्त गरिन् ।

# तनहुँमा निर्वाचनको तयारी पूरा

पोखरापत्र संवाददाता
स्याङ्जा २८ कार्तिक

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँमा तयारी पूरा भएको छ ।

निर्वाचनका लागि आवश्यक कर्मचारी नियुक्ति, तालिम सकेपछि अब सामग्री बुझाउने काम मात्र बाँकी रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

क्षेत्र नम्बर १ र २ मा खटिने मतदान र सहायक मतदान अधिकृतलाई शनिबार र आइतबार तालिम प्रदान गरिएको छ । क्षेत्र नम्बर १ अन्तर्गतका तीन सय चार र क्षेत्र नम्बर २ अन्तर्गतका तीन सय छ जना मतदान र सहायक मतदान अधिकृतलाई तालिम सम्पन्न भएको कार्यालय प्रमुख हरिप्रसाद ढकालले बताउनुभयो ।

तालिममा कानुनी, व्यावहारिक र सैद्धान्तिक पक्षबारे जानकारी दिइएको छ । मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाका विषयमा जानकारी गराइएको छ ।

मतदान केन्द्रमा पुग्नुअघि र पुगेपछि गर्नुपर्ने काम, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, भोट हालिसकेपछि सुरक्षित कसरी बाहिर ल्याउने, निर्वाचन सकिएपछि के के गर्नेलगायत विषयमा तालिममा जानकारी गराइएको छ ।

मुख्य निर्वाचन अधिकृत दलबहादुर केसीले निर्वाचनमा खटिने कर्मचारीले निष्पक्ष भएर जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो । केसीले आचारसंहितामा बाँधिएर निर्वाचनलाई सम्पन्न गराउनेतर्फ ध्यान दिन आग्रह गर्दै भन्नुभयो, "निर्वाचनमा खटिएपछि सबैले आफ्नो आस्थालाई बिर्सिनुपर्छ, सबैलाई समान नजरले हेरेर निष्पक्षरुपमा निर्वाचन सम्पन्न गराउनेतर्फ लाग्नुपर्छ ।" प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले निर्वाचनलाई भयरहित बनाउन सुरक्षा अवस्था मजबुद बनाइएको भन्दै ढुक्क भएर निर्वाचनमा सहभागी हुन आग्रह गर्नुभयो । "मतदान केन्द्रमा सुरक्षाको अवस्था मजबुद बनाइएको छ, सुरक्षामा कुनै कसर बाँकी राखिँदैन", उहाँले भन्नुभयो, "ढुक्क भएर निष्पक्षरुपमा जिम्मेवारी बहन गर्नेतर्फ ध्यान दिनुहोला ।" मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्यरुपमा वर्गीकरण गरी सोहीअनुसारको सुरक्षा प्रबन्ध मिलाइएको प्रजिअ अर्यालले बताउनुभयो । जिल्लामा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको र अब सामग्री बुझाउन मात्र बाँकी रहेको निर्वाचन अधिकारी ढकालले बताउनुभयो । "कात्तिक २९ गतेबाट मतदान अधिकृतलाई निर्वाचन सामग्री बुझाउने काम हुन्छ, मङ्सिर १ गते सबै मतदान केन्द्रमा कर्मचारी पुगिसक्नुपर्ने हुन्छ ।" निर्वाचन कार्यालयले निर्वाचन अधिकृतको कार्यालयमा सामग्री ढुवानी गरिसकेको छ । सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट सामग्री वितरण हुने भएकाले तनहुँ क्षेत्र नम्बर २ का लागि निर्वाचन अधिकृतको कार्यालयमा सामग्री पठाइएको छ । "यसपटक सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट कर्मचारीलाई सामग्री वितरण गरिने भएकाले क्षेत्र नम्बर २ का लागि आवश्यक सामग्री पठाएका छौँ", उहाँले भन्नुभयो, "क्षेत्र नम्बर १ को कार्यालय दमौलीमा नै भएकाले केही दिनमा पठाउँछौँ ।"

निर्वाचनका लागि आवश्यक पर्ने सबै सामग्री प्याकिङ गरेर पठाइएको छ । प्रति मतदान केन्द्रमा ६१ प्रकारका सामग्री पठाइनेछ । निर्वाचनका लागि तनहुँमा तीन हजार तीन सय ६० कर्मचारी आवश्यक पर्नेछन् । त्यसमध्ये दुई हजार चार सय ४० कर्मचारी निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्त गरिने मुख्य निर्वाचन अधिकृत दलबहादुर केसीले बताउनुभयो । त्यसका अलवा सम्बन्धित मतदान केन्द्रमा एक हजार दुई सय २० स्वयंसेवक नियुक्त गरिनेछ ।

आँबुखैरेनी गाउँपालिकामा कूल एक सय ३६, ऋषिङ गाउँपालिकामा दुई सय, घिरिङ गाउँपालिकामा एक सय ३६, देवघाट गाउँपालिकामा एक सय १९, बन्दीपुर गाउँपालिकामा एक सय ६८, भानु नगरपालिकामा तीन सय ९२, भिमाद नगरपालिकामा दुई सय ४८, म्याग्दे गाउँपालिकामा एक सय ६०, व्यास नगरपालिकामा चार सय ४७ र शुक्लागण्डकी नगरपालिकामा एक सय ८९ जनशक्ति परिचालन गरिनेछ ।

जिल्लाका दुई लाख ४४ हजार तीन सय ४० मतदाताले मतदान गर्दैछन् । गत स्थानीय तह निर्वाचनमा भन्दा यसपटक ४९ हजार आठ सय ६९ बढी मतदाता थपिएका छन् । विसं २०७४ सालको स्थानीय तह निर्वाचनमा जिल्लामा एक लाख ९४ हजार चार सय ७१ मतदाता रहेका थिए ।

# अन्नपूर्ण पदमार्गमा 'याक अट्याक' प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
लमजुङ, २८ कार्तिक

विश्व चर्चित चक्रिय अन्नपूर्ण पदमार्गमा 'याक अट्याक' २०२२ प्रतियोगिता सुरु भएको छ । कोरोना सङ्क्रमणका कारण दुई वर्ष स्थगित यस प्रतियोगिता पुनः आजदेखि चक्रिय अन्नपूर्ण पदमार्गको प्रवेशद्वार रहेको लमजुङ जिल्लाको बेँसीसहरबाट १४औँ संस्कार याक अट्याक अर्थात् साइकल रेस प्रतियोगिता सुरु भएको हो ।

बेलायतस्थित माउण्टेन बाइकिङ वर्ल्ड वाइडको आयोजना तथा नेपालस्थित माउन्ट टिभी नेपालको व्यवस्थापनमा 'याक अट्याक' साइकल रेस प्रतियोगिता सुरु भएको हो । आज पदमार्गमा जानुअघि आइतबार दक्षिण एसियाकै नमूना घलेगाउँ पुगेर बेँसीसहर फर्किएर आज बिहानै मनाङको चामेसम्म पुगेको आयोजक नेपालको संयोजक अजय पण्डित क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार सात दिनसम्म यस प्रतियोगिता सञ्चालन हुनेछ । तेस्रो दिन चामेबाट मनाङसम्म पुग्नेछन् र चौथो दिन त्यहाँबाट थोरङफेदीमा पुग्ने छन् ।

# कास्की क्षेत्र नं. ३ का एमाले उम्मेदवार भन्छन्-'सराङकोट, कास्कीकोटको खानेपानी समस्या समाधान गर्छौ'

पोखरापत्र संवाददाता
पोखरा २८ कार्तिक

कास्की क्षेत्र नम्बर ३ का एमाले उम्मेद्वारहरुले पोखरा महानगरपालिका १८ को खानेपानी समस्या समाधान गर्ने प्रतिवद्धता जनाएका छन् ।

सोमबार घरदैलोमा पुगदा खानेपानीको समस्या समाधान गरिदिन पोखरा महानगरपालिका १८ का स्थानीयले प्रतिनिधि सभाका एमाले उम्मेदवार दामोदर पौडेल बैरागी र प्रदेश सभा ३ (१) का उम्मेदवार गणेशमान गुरुङसँग आग्रह आग्रह गरेका थिए । प्रदेशमा एमालेको सरकार हुँदा समस्या समाधान गर्न लिफ्टिङ खानेपानी सुरु गरेर केही हदसम्म समस्या समाधान भएको र अब दीर्घकालीन समाधान गर्ने प्रतिवद्धता दुवै उम्मेदवारले जनाएका हुन् । पोखरा १८ को अन्य ठाउँको तुलनामा माथिलो क्षेत्र तोरीपानी, गोठादी, पँदेली र तल्लो क्षेत्र भकुण्डेमा खानेपानीको चरम अभाव भएको स्थानीयको गुनासो छ । 'सरकाङकोट र यहाँको छिमेकी वडा पोखरा २४ कास्कीकोटमा खानेपानीको समस्या भएको थाहा छ,' उम्मेदवार बैरागीले भने, 'यहाँ एउटा लिफ्टिङको प्रयास पनि सफल हुन सकेन । पछि संघ र प्रदेशमा एमालेको सरकार नहुँदा काम रोकियो । चुनाव जितेपछि यो समस्या समाधान गर्न प्रतिबद्ध छौं ।' प्रदेश सभा उम्मेदवार गुरुङले सामान्य खानेपानीको समस्या समाधान नहुँदा महानगरबासी हो भन्न लाज हुने अवस्था रहेकोमा आफू जानकार रहेको सुनाए । उनले वर्तमान गठबन्धन सरकारले काम नगरेको र काम गर्न प्रदेशमा र संघ दुवैमा एमाले सरकार चाहिने स्पष्ट पारे । 'खानेपानीजस्तो आधारभूत आवश्यकताबाट वञ्चित हुनुहुन्छ थाहा छ । प्रदेशमा एमालेको सरकारको पालामा काम सुरु भएको थियो । पछिको सरकारले काट्यो,' उनले थपे, 'जितेपछि आधारभूत आवश्यकता पुरा गर्न हाम्रो पहिलो प्रयास हुनेछ ।' हर्पन खोलाले कटान गर्ने वस्ती संरक्षणलगायत विषयमा चंखपुरका स्थानीयले उम्मेद्वारलको ध्यानाकर्षण गराएका थिए । खानेपानी समस्या समाधान, सराङकोटमा निर्माणको अन्तिम चरणमा पुगेको शिव मन्दिर निर्माण, सुकुम्बासी व्यवस्थापनलगायत विषयलाई विशेष प्राथमिकता दिने उम्मेदवारद्वय पौडेल र गुरुङको वाचा छ ।


## नामथर फरक परेको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ०५८४४४५५ M.NK TS ५/९ GR का कर्ण बहादुर क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नामथर जस बहादुर रानाभाट भएको साथै निजको भारतीय सैनिक अभिलेखमा बुवाको नामथर गणेश्वर क्षेत्री उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. २३०, मिति २०७९/०७/०२ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## नामथर र जन्ममिति फरक परेको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ०५८४४४५५ M का कर्ण बहादुर क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर कर्ण बहादुर क्षेत्री रानाभाट र जन्ममिति वि.सं. २०१६/०२/२४ 07 June 1959 A.D. भएको साथै निजको भारतीय सैनिक अभिलेखमा नामथर कर्ण बहादुर क्षेत्री र जन्म मिति वि.सं. २०१६/०२/१५ 29 May 1959 A.D. उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन् भनी उक्त गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. १७१, मिति २०७९/०५/३१ को पत्रबाट लेखीआएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

## नामथर र जन्म मिति फरक परेको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ०५८४४४५५ M का कर्ण बहादुर क्षेत्रीको श्रीमती खिना क्षेत्रीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर खिना देवी क्षेत्री रानाभाट र जन्म मिति वि.सं. २०२०/०९/१२ (27 December 1963 A.D) भएको साथै निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर खिना क्षेत्री र निज कर्ण बहादुर क्षेत्री पेन्सन आउँदा श्रीमतीको जन्म मिति महलमा २९ वर्ष उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. १७२ मिति २०७९/०५/३१ को पत्रबाट लेखीआएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९७/०३/२५ गते

स्वर्गारोहणः
वि.स. २०७९/०७/२५ गते

स्व: खसुदेवी गुरुङ

यस बाँझपाटन (क) टोल विकास संस्थाका सदस्य पूर्णकुमारी गुरुङका ममतामयी आमा तथा प्रदिप कुमार गुरुङका सासुआमा **खसुदेवी गुरुङ**को ८३ वर्षको उमेरमा भएको असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष एवं
बाँझपाटन (क) टोल बिकास संस्था
परिवारपोखरा-१३, बाँझपाटन, कास्की